# महाभूकम्प पिडितका लागि आदिवासी जनजाति सहयोग अभियान

मिति: २०७१ बैशाख १७ गते

**महाभुकम्पबाट पिडितकालागि आदिवासी जनजाति सहयोग अभियान**को

## हार्दिक अपिल

नेपालमा क्रियाशिल आदिवासी जनजातिहरुको सामाजिक महासंघहरु र जातिय संस्थाहरुको आकस्मिक संयुक्त बैठकले नेपालमा आएको महाविनाशकारी भूकम्पबाट पिडितहरुको राहतका लागि आदिवासी जनजातिहरुको तर्फबाट सहयोग गर्नका लागि “महाभुकम्पबाट पिडितको लागि आदिवासी जनजाति सहयोग अभियान” गठन गरि क्रियाशिल गरिएको छ । यस आदिवासी जनजाति सहयोग अभियानको संयोजकमा नेपाल आदिवासी जनजाति महासंघ र सदस्यहरुमा क्रमशः आदिवासी जनजाति महिला महासंघ, आदिवासी जनजाति युवा महासंघ, आदिवासी जनजाति पत्रकार महासंघ, आदिवासी जनजाति विद्यार्थी महासंघ, आदिवासी जनजाति गैसस महासंघ, आदिवासी जनजाति चलचित्रकर्मी महासंघ, सबै महासंघमा आवद्ध संस्थाहरु, जनजातिहरुको मानव अधिकारवादी संस्थाहरु, जनजाति महासंघका प्रवास संगठनहरु, भूकम्पबाट प्रभावित जिल्लाका महासंघहरु रहेका छन् ।

यस अभियानबाट महाभूकम्पबाट पिडित समुदायहरुका लागि सहयोग, राहत तथा उद्दार गर्ने कार्यहरु भईरहेको छ । यस अभियानले पिडितहरुका लागि थप राहत तथा सहयोगहरु संकलन गरि वितरण गर्ने, पिडितहरुको तथ्याङ्क संकलन गर्ने, प्रभावित स्थानहरुमा राहत तथा सहयोग, पूर्ननिर्माण, पूर्नस्थापनाका लागि नेपार सरकार र सरोकारवालाहरुसंग समन्वय तथा सहजिकरणको भूमिका बहन गर्ने, सहयोगी संस्थाहरुलाई प्रभावित क्षेत्रमा सहयोग गर्न समन्वय तथा उत्प्रेरित गर्ने लगायतको कार्यहरुमा क्रियाशिल भइरहेका छौ ।

यस अभियानले उपरोक्त कार्यहरुमा क्रियाशिल भईरहेको हुनाले यस अभियानलाई पूर्णनता दिन यहाँको सानो सहयोग पनि पिडितका लागि ठूलो राहत हुने भएकाले देश विदेशमा बस्नुहुने सम्पूर्ण मानुभावहरु, संघ-सस्थाहरुलाई सहयोग अभियानमा सहभागिता जनाई आर्थिक नैतिक भौतिक सहयोग गरिदिनुहुनका लागि हार्दिक अपिल गर्दछौं ।

**अभियनको तर्फबाटः**

१) संयोजकः नगेन्द्रकुमार कुमाल (अध्यक्ष, आदिवासी जनजाति महासंघ)

२) सदस्यः शान्ती जिरेल (अध्यक्ष, आदिवासी जनजाति महिला महासंघ)

३) सदस्यः ज्ञानेन्द्र पुनमगर (अध्यक्ष, आदिवासी जनजाति युवा महासंघ)

४) सदस्यः रत्न कुलुङ (महासचिव, आदिवासी जनजाति गैसस महासंघ)

५) सदस्यः डण्ड गुरुङ (अध्यक्ष, आदिवासी जनजाति पत्रकार महासंघ)

६) सदस्यः दुजाङ शेर्पा (अध्यक्ष, आदिवासी जनजाति विद्यार्थी महासंघ)

७) सदस्यः अमृत सुनुवार (अध्यक्ष, आदिवासी जनजाति चलचित्रकर्मी महासंघ)

NEFIN NIWF YFIN NGO-FONIN FONIJ NINSF FINFI